# दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
फोन नं. ०१-४७१००२८

प.स. २०७९/८०
च.नं. ३२२६

मिति: २०७९/१२/०९

## नक्सा पास नगराई भवन निर्माण नगर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

यस दक्षिणकाली नगरपालिका क्षेत्रभित्र निर्माण हुने कुनैपनि नयाँ भवन, पुरानो भवन भत्काई पुनःनिर्माण, तल्ला थप, मोहोडा फेर्ने, साविकमा थपघट गरि झ्याल, ढोका, बार्दली, कौशी, दलान, टहरा तबेला वा ग्यारेज बनाउने वा कम्पाउण्ड वाल लगाउने र भवनका लागि जग्गा खण्डीकरण वा प्लटिङ जस्ता कार्यहरु नगरपालिकाको पूर्व स्वीकृति नलिई नगर्न/नगराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। नगरपालिकाको पूर्व स्वीकृति नलिई कोहि व्यक्ति/संघ/संस्थाले यस्ता कार्यहरु गरेको पाईएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-३९(५) बमोजिम नियम विपरीत भवन निर्माण गरेको वा गरिरहेको पाईएमा **तत्काल भत्काउने आदेश दिन सक्ने**, पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरि भवन बनाएको भए **२ लाख रूपैयाँसम्म** जरिवाना र नक्सा पास नगरि भवन बनाएको भए **५ लाख रुपैयाँसम्म** जरिवाना हुने प्रावधान रहेको व्यहोरा सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध छ।

(भोला प्रसाद चापागाई)
प्रमुख प्रशासकीय अधिकृत

Email : info@dakshinkalimun.gov.np, Website : www.dakshinkalimun.gov.np